कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# बाराही हाइड्रोपावर पब्लिक लि.

# Barahi Hydropower Public Limited

रजिष्टर्ड ठेगाना : बबरमहल, काठमाडौं । फोन नं.: ४३७०७७८
E-mail: barahi.hydro@gmail.com, bhpl.acc@gmail.com
Website: www.barahihydropower.com.np

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरण-पत्र

कम्पनीले आयोजना प्रभावित क्षेत्र बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स.का तथा जैमिनी नगरपालिकाका अन्य वडाहरुका स्थानीय बासिन्दाहरु तथा सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याएको आफ्नो जारी पूंजी रु.२५,००,००,०००/– मध्ये २८% अर्थात रु.७,००,००,०००/–रकम बराबरको रु.१००/–अंकित दरको ७,००,००० कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही १० % अर्थात रु.२,५०,००,०००/– रकम बराबरको रु.१००/- अंकित दरको २,५०,००० कित्ता शेयर बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स.का तथा जैमिनी नगरपालिकाका अन्य वडाहरुका स्थानीय बासिन्दाको लागि र बांकी रहेको १८% अर्थात रु.४,५०,००,०००/– (अक्षेरुपी चार करोड पचास लाख रुपैंया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ४,५०,००० कित्ता (कर्मचारीहरुलाई २% अर्थात ९,००० कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् २२,५०० कित्ता समेत) सर्वसाधारणहरुमा निष्काशन गरिएको छ ।

### कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

| विवरण | वास्तविक | | | अपरिष्कृत * | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | २०७९ आषाढ मसान्त | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| सञ्चित नाफा/नोक्सान (रु.हजारमा) | (६२,३५५) | (६२,१७०) | (५८,९१८) | (४७,७८१) | (३६,५५२) | (२२,८९८) | (७,९३२) |
| **प्रति शेयर नेटवर्थ (रु.)** | ५९.०० | ५९.९५ | ६४.९७ | ७३.४५ | ८५.३८ | ९०.८४ | ९६.८३ |
| **प्रति शेयर आम्दानी (रु.)** | (१५.२०) | ०.१२ | १.९३ | ६.१९ | ४.४९ | ५.४६ | ५.९९ |
| **नेटवर्थमा प्रतिफल (%)** | (२५.७६) | ०.२० | २.९७ | ८.४२ | ५.२६ | ६.०१ | ६.१८ |

**नोट : आ. व. २०७७/७८ को प्रति शेयर नेटवर्थ गणना गर्दा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम पूर्नमूल्याङ्कन समावेश नगरिएको ।**

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/–का अंकित दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

आयोजनाको नाम : ठेउला खोला जलविद्युत आयोजना, जडित क्षमता : १.५ मेगावाट, आयोजनाको व्यापारिक उत्पादन भएको मिति : २०७५/०३/२४
आयोजनाको कूल लागत (आयोजनाको व्यापारिक उत्पादन तथा पूँजीकृत गरिएको आ.व. २०७५/७६ सम्ममा): रु.३१,२२,१८,८५१।००
प्रति मेगावाट लागत सम्बन्धी विवरण : आयोजनाको प्रति मेगावाट लागत रु. २०८,१४५,९०१।०० रहेको छ ।
विद्युत उत्पादन अनुमतिको बाँकी अवधि : अनुमतिपत्र बहाल रहने अवधि मिति २०७२/०३/२८ देखि २१०७/०३/२७ सम्म रहेकोले २८ वर्ष बाँकि रहेको छ ।
साधारण लगानी फिर्ता हुने अवधि : १० वर्ष ६ महिना डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : २० वर्ष ६ महिना

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ३.८ पृष्ठ नं १४ र १५** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

संस्थापक तथा संचालकहरु, संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यहरु तथा आयोजना प्रभावित क्षेत्रका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले समेत यस सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।

**यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयरहरु बाँडफाँड भएको मितिले तीन बर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।**

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई "यस बाराही हाइड्रोपावर पब्लिक कम्पनी लिमिटेडलाई मिति २०७८/११/१३ मा High Risk of Default regarding timely servicing of financial obligations)[ICRANP-IR] B- Pronounced as ICRA NP Issuer Rating B Minus" प्रदान गरेको छ । उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७९/११/१२ सम्म रहनेछ । ईक्रा नेपाल लि. ले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात् उच्च सुरक्षित रहेको आधार जनाउंछ र [ICRANP-IR] D ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] B+ को स्थिती [ICRANP -IR] B- भन्दा एक चिन्ह माथि रहन्छ ।

**नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति : २०७९/०६/२३**
**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०७९/०६/२५**

**धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०७९/०७/०४**
**धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७९/०७/१८ (बैंकिङ्ग समय) पश्चात**
**धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७९/०८/०४ (बैंकिङ्ग समय) पश्चात**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

**ख.१.विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

(क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

(ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक"** भन्नाले एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ सम्झनु पर्दछ ।

(ग) **"सँगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी **बाराही हाइड्रोपावर पब्लिक लिमिटेड** सम्झनु पर्दछ ।

(घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्रमा दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ । सो शब्दले नेपाल धितोपत्र बोर्डको ASBA सेवामा आवद्ध बैंक तथा वित्तिय संस्थाहरुलाई समेत बुझाउँदछ ।

(ङ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

(च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

(छ) **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ ।

(ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(झ) **"स्थानीयवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.वि.स मा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँदछ ।

(ञ) **"वित्तीय विवरण"** भन्नाले सँगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

(ट) **"प्रति शेयर नेटवर्थ"** भन्नाले संगठित संस्थाको वासलातमा रहने सम्पतिको कुल जोडमा वाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम सम्झनुपर्छ ।

(ठ) **"प्रति शेयर आम्दानी"** भन्नाले संगठित संस्थाको आम्दानीलाई उक्त संस्थाको चुक्ता शेयर पुंजीले भाग गर्दा आउने भागफल सम्झनुपर्छ ।

(ड) **"साधारण लगानी फिर्ता हुने अवधि"** भन्नाले सामान्य रुपमा कति समयभित्र लगानी प्रतिफल प्राप्त हुन्छ,सो अवधिलाई सम्झनुपर्छ ।

(ढ) **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि"** भन्नाले डिस्काउन्टीङ फयाक्टर प्रयोग गरेर कति समयभित्र लगानी प्रतिफल प्राप्त हुन्छ,सो अवधिलाई सम्झनुपर्छ ।

(ण) **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडाहरु नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स पर्दछ र यस निष्काशनका लागि बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको सम्पूर्ण वडाहरुमा स्थायी बसोबास गर्ने बासिन्दाहरुले आवेदन दिन सक्नेछन् ।

(त) **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पुर्नमुल्याङ्कनबाट सृजित कोष) बाहेक को कुल जोडमा संचित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनुपर्छ ।

**ख.२.विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान : |
|---|---|
| १. | एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ र वेबसाइट : www.niblcapital.com |
| २. | बाराही हाइड्रोपावर पब्लिक कम्पनी लिमिटेड, बबरमहल, काठमाण्डौ र वेबसाइट : www.barahihydropower.com.np |

साथै, श्री नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ ।

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट सि-आस्बा (C-ASBA) प्रणालीबाट आवेदन दिन असमर्थ स्थानिय आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :

१. एनएमबि बैंक लिमिटेड, शाखा कार्यालय, कुश्मीसेरा शाखा, बाग्लुङ्ग ।
२. कुमारी बैंक लिमिटेड, शाखा कार्यालय :- राहाले, फलेवाश, पर्वत ।
३. ग्लोबल आईएमई बैंक लिमिटेड, कुश्मीसेरा शाखा, बाग्लुङ्ग ।
४. गरिमा विकास बैंक लिमिटेड, शाखा कार्यालय :- ट्राफिक चोक, बाग्लुङ्ग शाखा ।

दरखास्त फाराम तोकिएको संकलन केन्द्रहरुबाट वा एनआईबिएल एस क्यापिटल लिमिटेडको website : www.niblcapital.com र बाराही हाइड्रोपावर पब्लिक कम्पनी लिमिटेड, काठमाडौंको website : barahihydropower.com.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ । साथै भौगोलिक जटिलता, मौसमी प्रतिकुलता, प्रकृतिक प्रकोप जस्ता कारणबाट विस्थापित हुने अवस्था सृजना भएका वा पेशा व्यवसायका कारण वा अन्य कुनै कारणबाट परियोजना प्रभावित क्षेत्रको संकलन केन्द्रमा मात्र दरखास्त दिन सहज नहुने विशेष परिस्थितिमा नेपाल धितोपत्र बोर्डको स्वीकृती लिई सिमित अवधिका लागि अन्य स्थानमा आवश्यकता अनुसार संकलन केन्द्र तोक्न वा थप गर्न सकिनेछ ।

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धताप्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख.सँगठित संस्थाको जवाफदेहिता सम्बन्धी :**

यस वाराही हाइड्रोपावर पब्लिक लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक सँगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता सँगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग.नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण, विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने सम्पूर्ण विवरणहरु पेश गरेको हुनाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७८/१०/२५ मा प्राप्त पत्रानुसार यस कम्पनी आ.व. २०७७/०७८ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ ।

**ग.२.घ.संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, संचालक वा प्रबन्ध संचालक कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको संचालक वा प्रबन्ध संचालक कालो सूचीमा रहेको अन्य सँगठित संस्थामा संचालक, प्रबन्ध संचालक छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हितविपरीत हुने कार्य गरेको सँगठित संस्थाको संचालक वा प्रबन्ध संचालक यस कम्पनीको संचालक वा प्रवन्ध संचालक छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश वर्ष पूरा नभएको सँगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रबन्ध संचालक छैनन् ।
५. यस कम्पनीको संचालक वा प्रबन्ध संचालक धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रबन्ध संचालक हुन अयोग्य रहेका छैनन् ।

ग.३ संगठित संस्था सम्बन्धी जानकारी :

## ग.३.क संगठित संस्थाको पृष्ठभूमि :

**(क) संस्थाको नाम :** बाराही हाइड्रोपावर पब्लिक लिमिटेड **(Barahi Hydropower Public Limited)**

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला बबरमहल, काठमाडौंमा रहेको छ ।

**(घ) जलविद्युत केन्द्र :** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र बाग्लुङ जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स मा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ।**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले नेपाली निजी क्षेत्रका उद्यमीहरु मिलेर यस बाराही हाइड्रोपावर पब्लिक लि., कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६३ साल बैशाख १७ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता नं ३९२६०/०६२/०६३ बाट दर्ता भई मिति २०७१/१२/०३ मा प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई मिति २०७३/१२/२८ मा कारोवारको स्वीकृती प्राप्त गरी कारोबार संचालन गरी रहेको छ । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) वाग्लुङ जिल्ला स्थित सर्कुवा, कुस्मीसेरा र बिनामारे गा.वि.स.का स्थानिय बासिन्दाहरु तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले २०७२ साल चैत्र ३० गते देखि कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ ।

२. हाल यस कम्पनीमा १६९ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, निमार्ण, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीको प्रवन्धपत्रमा व्यवस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई “क” वर्गमा र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित जिल्लाबासी स्थानीय सर्वसाधारण, कर्मचारी र सर्वसाधारणहरु) लाई “ख” वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७२% शेयर “क” वर्गका संस्थापक शेयरधनी तथा २८% “ख” वर्गका सर्वसाधारणहरु मध्ये, १०% प्रतिशत उद्योग प्रभावित क्षेत्र बाग्लुङ जिल्ला स्थित सर्कुवा, कुस्मीसेरा र बिनामारे गा.वि.स.का स्थानीय बासिन्दाहरुलाई र १८% सर्वसाधारणहरु (सामुहिक लगानी कोष तथा कर्मचारीहरु समेत) मा निष्काशन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था रहेको छ ।

४. यस कम्पनीले बाग्लुङ जिल्लाको कुश्मीसेरा र सर्कुवा गा.वि.स. को सिमाना स्थित ठेउले खोला जलविद्युत आयोजनाको बाँध निर्माण सम्पन्न गरी २०७४ आषाढ २४ गतेबाट व्यापारिक उत्पादन शुरु गरी नियमित रुपमा नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गरीरहेको छ । जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप ठेउले खोला जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालय, विद्युत विकास बिभागबाट मिति २०७२/०५/०७ गतेका दिन प्राप्त गरेको हो र उक्त अनुमती पत्र मिति २१०७/३/२७ गते सम्म बहाल रहनेछ ।

५. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित क्षेत्र)का बासिन्दाहरुलाई छुट्टयाइएको जारी पूँजी मध्येको १०% साधारण शेयर निष्काशन तथा बिक्री गरी बाँडफाँड गरे पश्चात् मात्र सर्वसाधारणको लागि छुट्टाइएको जारी पूँजी मध्येको १८% साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

६. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको बाग्लुङ जिल्ला स्थित १.५ मेगावाट ठेउले खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी विस्तृत सम्भाव्यता अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन सम्पन्न गरी IEE Report स्वीकृत भइसकेको र नेपाल विद्युत प्राधिकरण सँग Connection Agreement र विद्युत खरिद बिक्री सम्झौता (PPA) सम्पन्न गरी २०७५ आषाढ २४ गतेबाट नियमित रुपमा नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गरीरहेको छ ।

८. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :

८.१. ठेउले खोला जलविद्युत आयोजनाबाट वार्षिक ८२,१७,६३७ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि ६८,८८,३५४ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि १३,२९,२८३ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

८.२. विद्युतको खरीद मूल्य वर्षायामका आठ महिनाका लागि प्रति किलोवाट घण्टा रु.४/०० (चार रुपैंया मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु.७/०० (सात रुपैंया मात्र) तोकिएको छ । यो खरिद दरको लागि व्यापारीक उत्पादन शुरु भएको आर्थिक बर्ष २०७४/०७५ लाई आधार बर्ष मानि खरिद दरमा वार्षिक ३% का दरले नौ पटक साधारण मुल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| आर्थिक वर्ष | सुख्खायाम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट) | वर्षायाम (वैशाषदेखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| व्यापारिक उत्पादन शुरु हुने मिति (COD) | ७.०० | ४.०० |
| CODपछिको पहिलो आर्थिक वर्ष | ७.२१ | ४.१२ |
| CODपछिको दोश्रो आर्थिक वर्ष | ७.४२ | ४.२४ |
| CODपछिको तेश्रो आर्थिक वर्ष | ७.६३ | ४.३६ |
| CODपछिको चौथो आर्थिक वर्ष | ७.८४ | ४.४८ |
| CODपछिको पाँचौ आर्थिक वर्ष | ८.०५ | ४.६० |
| CODपछिको छैठौं आर्थिक वर्ष | ८.२६ | ४.७२ |
| CODपछिको सातौं आर्थिक वर्ष | ८.४७ | ४.८४ |
| CODपछिको आठौं आर्थिक वर्ष | ८.६८ | ४.९६ |

| | | |
|---|---|---|
| CODपछिको नवौं आर्थिक वर्ष देखि सम्फौता अवधिसम्म | ८.८९ | ५.०८ |

हाल COD पछिको चौथो वर्ष (आ.व. २०७८।७९) मा संचालन भईरहँदा वर्षायामको रु.४।४८ र हिउँदको रु.७।८४ रुपैयामा विद्युत खरीद विक्री भैरहेको ।

८.३.नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा **(Excess Energy)** को हकमा विद्युत खरिद बिक्री सम्फौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

८.४.कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरु तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरु अजोड इन्स्योरेन्स कम्पनी लिमिटेडबाट गरेको छ ।

**८.५.परियोजनाको हालको अवस्था** :

संगठित संस्था ठेउले खोला जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

विद्युत परियोजनाको नाम : ठेउले खोला जलविद्युत आयोजना

आयोजना स्थल : बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स पर्दछ ।

श्रोत नदी : ठेउले खोलाको पानी

आयोजनाको किसिम : रन अफ रिभर

विद्युत उत्पादन अनुमति प्राप्त मिति : २०७२/०५/०७

विद्युत उत्पादन अनुमति बहाल रहने मिति : २१०७/०३/२७

जडित क्षमता : १.५ मेगावाट

आयोजनाको कूल लागत (आर्थिक वर्ष २०७५/०७६ मा): रु.३१,२२,१८,८५१/-

आयोजनाको प्रति मेगावाट लागत रु. २०८,१४५,९०१/- रहेको छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि : अनुमतिपत्र बहाल रहने अवधि मिति २०७२/०३/२८ देखि २१०७/०३/२७ सम्म रहेकोले २८ वर्ष बाँकि रहेको छ ।

साधारण लगानी फिर्ता हुने अवधि : १० वर्ष ६ महिना डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : २० वर्ष ६ महिना

**कम्पनीको वित्तीय परिसूचक :**

नेट प्रिजेन्ट भ्यालु{Net Present Value (NPV)}, इन्टरनल रेट अफ रिर्टन {Internal Rate of Return (IRR)}, Pay Back Period, Discounted Pay Back Period, गणना को संक्षिप्त विवरण :

| वर्ष | आयोजनाको कूल लागत | कर पछिको खुद नाफा | ह्रास कट्टी र अमोरटाइजेशन | वित्तीय खर्च | खुद नगद प्रवाह | साधारण संचित नगद प्रवाह | डिस्काउन्टिङ्ग फ्याक्टर @8.5% | डिस्काउन्टेड नगद प्रवाह | डिस्काउन्टिङ्ग संचित नगद प्रवाह @8.5% |
|---|---|---|---|---|---|---|---|---|---|
| ० | (३१२,२१८,८५१) | | | | (३१२,२१८,८५१) | (३१२,२१८,८५१) | १.०० | (३१२,२१८,८५१) | (३१२,२१८,८५१) |
| १ | | (२३,११६,८९९) | ११,८३९,१६९ | २०,९६८,६२२ | ९,६९०,८९२ | (३०२,५२७,९५९) | ०.९२ | ८,९३१,६९८ | (३०३,२८७,१५३) |
| २ | | १८५,८०१ | ११,४३५,१४५ | १७,८७८,१७५ | २९,४९९,१२१ | (२७३,०२८,८३८) | ०.८५ | २५,०५८,१८५ | (२७८,२२८,९६९) |
| ३ | | ३,२५१,४९४ | १२,५६०,३२७ | ११,२०६,६५१ | २७,०१८,४७२ | (२४६,०१०,३६६) | ०.७८ | २१,१५२,९८१ | (२५७,०७५,९८८) |
| ४ | | ११,१३७,०१४ | २२,९८८,२६७ | ८,७८९,७३६ | ४२,९१५,०१७ | (२०३,०९५,३४९) | ०.७२ | ३०,९६६,३७२ | (२२६,१०९,६१६) |
| ५ | | ११,२२८,५५१ | ११,५५४,९२४ | ५,८०६,१२८ | २८,५८९,६०३ | (१७४,५०५,७४६) | ०.६७ | १९,०१३,३८५ | (२०७,०९६,२३१) |
| ६ | | १३,६५४,१२१ | ११,३५३,९५० | ५,००८,१२८ | ३०,०१६,१९९ | (१४४,४८९,५४७) | ०.६१ | १८,३९८,२८२ | (१८८,६९७,९४९) |
| ७ | | १४,९६६,०१५ | ११,२०२,०३७ | ४,०२७,७२८ | ३०,१९५,७८० | (११४,२९३,७६७) | ०.५६ | १७,०५८,३९२ | (१७१,६३९,५५७) |
| ८ | | १५,९५०,१२६ | ११,०८७,०९७ | ३,२२७,४४८ | ३०,२६४,६७१ | (८४,०२९,०९६) | ०.५२ | १५,७५७,८८९ | (१५५,८८१,६६८) |
| ९ | | १८,२८५,९७५ | ११,०००,०३७ | २,९१७,३६८ | ३२,२०३,३८० | (५१,८२५,७१६) | ०.४८ | १५,४५३,७४७ | (१४०,४२७,९२०) |
| १० | | २०,५०५,३७७ | १०,९३४,०१६ | २,६०७,२८८ | ३४,०४६,६८० | (१७,७७९,०३६) | ०.४४ | १५,०५८,३५० | (१२५,३६९,५७०) |
| ११ | | २२,६२९,२९८ | १०,८८३,८८२ | २,२९७,२०८ | ३५,८१०,३८८ | १८,०३१,३५२ | ०.४१ | १४,५९७,६१५ | (११०,७७१,९५५) |
| १२ | | २४,६७६,९०३ | १०,८४५,७५८ | १,९८७,१२८ | ३७,५०९,७८८ | ५५,५४१,१४० | ०.३८ | १४,०९२,४९१ | (९६,६७९,४६५) |
| १३ | | २६,६६६,१३६ | १०,८१६,७१८ | १,६७७,०४८ | ३९,१५९,९०१ | ९४,७०१,०४१ | ०.३५ | १३,५५९,८५३ | (८३,११९,६११) |
| १४ | | २८,३७५,३०४ | १०,८०६,९९५ | १,३६६,९६८ | ४०,५४९,२६७ | १३५,२५०,३०८ | ०.३२ | १२,९४०,९६५ | (७०,१७८,६४६) |
| १५ | | ३०,०५८,९१२ | १०,७९८,२४४ | १,०५६,८८८ | ४१,९१४,०४४ | १७७,१६४,३५२ | ०.२९ | १२,३२८,५९२ | (५७,८५०,०५४) |
| १६ | | ३१,७३२,९२० | १०,७९०,३६८ | ७४६,८०८ | ४३,२७०,०९६ | २२०,४३४,४४८ | ०.२७ | ११,७३०,३७९ | (४६,११९,६७५) |
| १७ | | ३३,४१४,२७४ | १०,७८३,२८० | ४३६,७२८ | ४४,६३४,२८२ | २६५,०६८,७३० | ०.२५ | ११,१५२,२६३ | (३४,९६७,४१२) |
| १८ | | ३५,०९६,१५० | १०,७७६,९०१ | १५१,८३० | ४६,०२४,८८१ | ३११,०९३,६११ | ०.२३ | १०,५९८,८१७ | (२४,३६८,५९५) |
| १९ | | ३१,३६३,५३९ | १०,७७१,१६० | ५,३२७,३६३ | ४७,४६२,०६२ | ३५८,५५५,६७२ | ०.२१ | १०,०७३,५२७ | (१४,२९५,०६८) |
| २० | | ३८,२०२,४५२ | १०,७६५,९९२ | - | ४८,९६८,४४४ | ४०७,५२४,११६ | ०.२० | ९,५७९,०३० | (४,७१६,०३७) |
| २१ | | ३९,८०८,४०० | १०,७६१,३४२ | - | ५०,५६९,७४१ | ४५८,०९३,८५८ | ०.१८ | ९,११७,३०० | ४,४०१,२६२ |
| २२ | | ४१,५३८,३६७ | १०,७५७,१५६ | - | ५२,२९५,५२३ | ५१०,३८९,३८१ | ०.१७ | ८,६८९,८१० | १३,०९१,०७२ |
| २३ | | ४३,४२६,७२४ | १०,७५३,३९० | - | ५४,१८०,११४ | ५६४,५६९,४९५ | ०.१५ | ८,२९७,६६६ | २१,३८८,७३८ |
| २४ | | ४५,५१३,६५९ | १०,७४९,९९९ | - | ५६,२६३,६५८ | ६२०,८३३,१५३ | ०.१४ | ७,९४१,७१४ | २९,३३०,४५२ |
| २५ | | ४७,८४६,४४१ | १०,७४६,९४८ | - | ५८,५९३,३८९ | ६७९,४२६,५४२ | ०.१३ | ७,६२२,६३६ | ३६,९५३,०८८ |
| २६ | | ५०,४८०,९३६ | १०,७४४,२०२ | - | ६१,२२५,१३८ | ७४०,६५१,६८० | ०.१२ | ७,३४१,०२३ | ४४,२९४,१११ |
| २७ | | ५३,४८३,४१० | १०,७४१,७३१ | - | ६४,२२५,१४० | ८०४,८७६,८२१ | ०.११ | ७,०९७,४४७ | ५१,३९१,५५७ |
| २८ | | ५६,९३२,६८१ | १०,७३९,५०६ | - | ६७,६७२,१८७ | ८७२,५४९,००८ | ०.१० | ६,८९२,५१२ | ५८,२८४,०६९ |

| |
|---|
| **डिस्काउन्ट रेट (Discount rate):** ८.५०% |
| **नेट प्रिजेन्ट भ्यालु (Net Present Value) :** रु.५८,२८४,०६९/- |
| आयोजनाको इन्टर्नल रेट अफ रिर्टन **(Internal Rate of Return) :** १०.१६% |

| लगानी फिर्ता हुने अवधि | |
|---|---|
| सामान्य लगानी फिर्ता हुने अवधि | १० वर्ष ६ महिना |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | २० वर्ष ६ महिना |

**निर्माण सम्पन्न आयोजनाबाट उत्पादित विद्युतको प्रसारण र वितरण सम्बन्धी पछिल्लो समयको अद्यावधिक विवरण देहाय बमोजिम रहेको छ :**

**वार्षिक उत्पादन विवरण**

| क्र.स. | आर्थिक वर्ष | कन्ट्रयाक इर्नजी (किलोवाट) | प्रक्षपित उत्पादन (किलोवाट) | जम्मा उत्पादित मिटर इनर्जी (किलोवाट) | ने.वि.प्रा. फोर्स आउटेज (किलोवाट) | अतिरिक्त उत्पादन इनर्जी (किलोवाट) |
|---|---|---|---|---|---|---|
| १ | २०७५/०७६ | ८,२१७,६३६.०० | ६,६५४,४६१.३० | ४,८८०,३२०.०० | ९९७,००१.१३ | ८,४६०.७० |
| २ | २०७६/०७७ | ८,२१७,६३६.०० | ६,७०१,३६०.०० | ६,२६९,८५०.०० | ५७४,१४५.०० | २१८,३५०.०० |
| ३ | २०७७/०७८ | ८,२१७,६३६.०० | ६,६६५,१२४.०० | ४,५१२,५४०.०० | ५०,५४०.०० | ०.०० |
| ४ | २०७८/०७९ | ८,२१७,६३६.०० | ७,५०८,६१०.०० | ६,४६०,४७०.०० | २७०,५८६.८९ | ७५,५९०.०० |

**उत्पादन विवरण तथा आम्दानी विवरण**

| आर्थिक वर्ष | जम्मा विजक रकम (रु.) | ने.वि.प्रा. बाट स्वीकृत भएको रकम (रु.) | अतिरिक्त इनर्जी (रु.) | ढिला उत्पादन वापत जरिवाना (रु.) | कम उर्जा उत्पादन वापत जरिवाना (रु.) | आन्तरीक खपत (रु.) | अग्रिम भुक्तानी वापत ३% कट्टि रकम (रु.) | रोयल्टी रकम (रु.) | यस आ.व.मा कम्पनीलाई भुक्तान भएको रकम (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७५/०७६ | २३,४२३,८२२.३३ | २२,६८९,८०८.६१ | ०.०० | ८,१२३,९९७.६९ | ३,९६८,३३६.०९ | ३२,७६१.९७ | ०.०० | ८,०६,१०९.३० | ९,९०६,८४६.६१ |
| २०७६/०७७ | ३१,८३७,४६३.४९ | २५,४०९,२३२.१९ | ०.०० | २,१५२,५०८.०७ | १,५८२,२३६.९२ | १३,२२८.०० | २९२,४०४.५७ | ०.०० | २५,४०९,२३२.१९ |
| २०७७/०७८ | २३,४४०,८६२.६८ | २१,२३४,००१.८४ | ०.०० | ०.०० | ६,०८०,९१६.१६ | १६३,४७४.०० | ३०,७०५.५८ | ८४५,११५.५२ | १४,११३,७९०.५८ |
| २०७८/०७९ | ३३,३१०,३१७.२० | २७,७७५,१४०.२४ | ५१,४२५.९२ | ०.०० | ११३,४६०.४८ | १२,२०४.०० | ८१,३८३.६४ | ६५७,४६०.०० | २६,९६२,०५८.०४ |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा स्वीकृती लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

(क) जलविद्युत आयोजनाहरुको अध्ययन अनुसन्धान गरी नेपालका विभिन्न भागमा रहेका नदि, खोला नाला तालहरुबाट जलविद्युत उत्पादन प्रसारण तथा बिक्री वितरण गर्ने

(ख) विद्युत उर्जाको आवश्यकता अनुसार नेपाल भर जलविद्युत बाहेक अन्य सौर्य, वायु तापिय आदि श्रोतबाट पनि वैकल्पिक उर्जा उत्पादन गरि प्रसारण तथा बिक्री वितरण गर्ने

(ग) जलविद्युत र वातावरण विकासको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने, नयाँ नयाँ जलविद्युत आयोजनाहरुको सर्वेक्षण, अन्वेषण, अध्ययन, अनुगमन तथा मुल्यांकन गरी प्रतिवेदन तयार गर्ने र जलविद्युत क्षेत्रमो विकाश गर्ने, गराउने ।

(घ) जलविद्युत र उर्जा विकाश गर्ने शिलशिलामा हुने वातावरणीय पक्षलाई मध्यनजर राखि वातावरण अनुसन्धान र विनाशलाई रोकथाम गर्ने उपाय अवलम्बन गर्ने ।

(ङ) साफा मफौला र ठूला जलविद्युत आयोजनासँग समन्वय गरी विद्युत आपुर्ति तथा वितरण गर्ने ।

(च) विद्युत शक्तिको खरिद तथा बिक्री गर्ने ।

(छ) साना तथा मफौला विद्युत आयोजनाहरुको निर्माण र वातावरण सम्बन्धि परामर्श सेवा उपलब्ध गराउने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

नाम : सिंकोस हाइड्रोपावर प्रा.लि.

इतिहास : मिति २०७२/११/१६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.को रुपमा दर्ता भएको र आयोजनाको सर्वेक्षण अनुमति पत्र मिति २०७४/०२/०४ गते प्राप्त गरेको र आयोजनाको सर्वेक्षण अनुमति पत्रको अवधि २०७९/०१/३१ गतेसम्म बहाल रहेको । सर्वेक्षण, सम्भाव्यता अध्ययन र विस्तृत डिजाइनको कार्यहरु सम्पन्न गरी विद्युत उत्पादनको अनुमति पत्रको लागि विद्युत विकास विभागमा निवेदन दर्ता गरेको र विद्युत उत्पादनको अनुमति पत्र प्राप्त गर्ने प्रक्रियामा रहेको ।

मूख्य उद्देश्यहरु : विद्युत उत्पादन

(क) एक जलविद्युत आयोजनाहरुको अध्ययन अनुसन्धान गरी नेपालका विभिन्न भागमा रहेका नदि, खोला नाला तालहरुबाट जलविद्युत उत्पादन प्रसारण तथा बिक्री वितरण गर्ने

(ख) विद्युत उर्जाको आवश्यकता अनुसार नेपाल भर जलविद्युत बाहेक अन्य सौर्य, वायु तापिय आदि श्रोतबाट पनि वैकल्पिक उर्जा उत्पादन गरि प्रसारण तथा विक्री वितरण गर्ने

(ग) जलविद्युत र वातावरण विकासको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने, नयाँ नयाँ जलविद्युत आयोजनाहरुको सर्वेक्षण, अन्वेषण, अध्ययन, अनुगमन तथा मुल्यांकन गरी प्रतिवेदन तयार गर्ने र जलविद्युत क्षेत्रमा विकास गर्ने, गराउने ।

(घ) जलविद्युत र उर्जा विकाश गर्ने शिलशिलामा हुने वातावरणीय पक्षलाई मध्यनजर राखि वातावरण अनुसन्धान र विनाशलाई रोकथाम गर्ने उपाय अवलम्बन गर्ने ।

(ङ) साफा मफौला र ठूला जलविद्युत आयोजना सँग समन्वय गरी विद्युत आपूर्ति तथा वितरण गर्ने ।

(च) विद्युत शक्तिको खरिद तथा बिक्री गर्ने ।

(छ) साना तथा मफौला विद्युत आयोजनाहरुको निर्माण र वातावरण सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने ।

लगानीको अंश : बाराही हाइडोपावर पब्लिक लिमिटेडको ५१ प्रतिशत लगानी रहने ।

सिंकोस हाइडोपावर प्राइभेट लिमिटेडको नाममा रहेको सिंकोस खोला जलविद्युत आयोजना ३.४५ मे.वा. (प्रस्तावित ४.९१ मे.वा. 2 Hours PROR (Peaking Run of River Type) सर्वेक्षण, सम्भाव्यता अध्ययन र विस्तृत डिजाइनको कार्यहरु सम्पन्न भई विद्युत खरिद बिक्रीको चरणमा रहेको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि**: यो परियोजना Run of River प्रविधिमा आधारित जलविद्युत आयोजना हो । सोही प्रविधि अनुरुप जलश्रोतको उपयोग गरी विद्युत शक्तिको उत्पादन तथा विक्री वितरण गर्ने कार्यका लागि आवश्यक भौतिक संरचना तथा मेशिनहरुको प्रयोग गरिएको छ । यसको डिजाइन तथा निर्माण स्वदेशी निर्माण व्यवसायी तथा प्राविधिकहरुबाट हुनेछ । सिभिल संरचना बाहेक Electromechanical र Hydromechanical का उपकरणहरु निर्माण तथा उत्पादन Plan Design Built करार अर्न्तगत रही विदेशबाट आयात गरी विदेशी प्राविधिकहरुबाट जडान, निर्माण तथा Testing and Commissioning गरिएको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र** : आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना** : थप नयाँ जलविद्युत आयोजनाहरुको बिकास गर्ने । सिंकोस हाइड्रोपावर लिमिटेडको नाममा रहेको सिंकोस खोला जलविद्युत आयोजना ३.४५ मे.वा. (प्रस्तावित ४.९१ मे.वा. 2 Hours PROR (Peaking Run of River Type) सर्वेक्षण, सम्भाव्यता अध्ययन र विस्तृत डिजाइनको कार्यहरु सम्पन्न भई विद्युत खरिद विक्रीको चरणमा रहेको ।

साथै, कम्पनीले हाल सञ्चालनमा रहेको ठेउले खोला जलविद्युत आयोजनाको Cascade आयोजनाको रुपमा तल्लो ठेउले जलविद्युत आयोजना (७५० किलोवाट) को विकास गर्ने योजना अगाडि रहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** : कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री गर्ने व्यवस्था ने.वि.प्रा. र कम्पनी बिचको विद्युत खरिद सम्झौता बमोजिम हुनेछ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति** : ठेउले खोला जलविद्युत आयोजनाको उत्पादन क्षमता १.५ मेगावाट रहेको र उक्त विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गरिएको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता** : बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिका स्थित ठेउले खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** :

कम्पनीले गुण नियन्त्रणको लागि गरिएको व्यवस्था तल बुँदागत रुपमा उल्लेख गरिएको :

- जलविद्युत परियोजनाको मुख्य उदेश्य बिजुली उत्पादन गर्नु हो । कम्पनीले प्रणाली सुरक्षा एवं संचालनका लागि संचालन निर्देशिका (Operation Procedure), मर्मत संभार निर्देशिका (Repair and Maintenance Manual) र विद्युत गृहमा प्रयोग भएका सम्पूर्ण उपकरणहरुका Manual बमोजिम नियमित संचालनका लागि आवश्यक Spare Parts को व्यवस्था गरी Preventive Maintenance नियमित गर्ने गरेको छ । यसका लागि कम्पनीले आवश्यक पर्ने मानव संशाधन (Electrical Engineer) र सम्बन्धित विषयका तालिम प्राप्त ओवरसियर तथा अपरेटरहरु) को लागि स्थायी कर्मचारीहरुको व्यवस्था गरेको छ । समय समयमा गरिएको Preventive Maintenance को रेकर्ड पनि कम्पनीले राखेको ।
- मेसिन तथा उपकरणहरु सबै चालु स्थितिमा रहेको र अपरेटर तथा व्यवस्थापनका कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि समय समयमा On the Job तालिम दिने गरिएको ।
- आयोजनासँग सम्बन्धित प्राविधिक पक्ष एवं भौतिक पूर्वाधारहरुको अवस्थालाई चुस्त दुरुस्त राख्न कम्पनीले Green Leaf Associates Pvt. Ltd. नामक कम्पनीसँग आवश्यक प्राविधिक तथा उपकरणहरुको Supply जडान तथा मर्मत संभार गर्नका लागि Annual Maintenance Contract गरेको छ ।

(१०) **अनुसन्धान तथा विकास** :

नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन विश्लेषण एवं विकासका लागि आवश्यक कार्यहरु भइरहेको ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान** :

विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी कुनै त्यस्तो बाधा, व्यवधान नभएको । तर विश्वव्यापी फैलिएको कोभिडको कारणले गर्दा बाहिरबाट आयात हुने Spare Parts हरु समयमा नै प्राप्त हुन नसकेकोले गर्दा आ. ब. २०७६।०७७ र २०७७।०७८ मा आयोजनाको उत्पादनमा कमी आएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** :

सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति** :

ठेउले खोला जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता १.५ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गरिएको छ । साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरण सँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण** :

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण)** : हाल कुनै सप्लायर्स सँग निर्भर नरहेको ।

## ग.३.ख सम्पत्तिको विवरण :

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** कम्पनीको स्वामित्वमा रहेको ठेउले खोला जलविद्युत आयोजनाको उत्पादन तथा प्रशारण उपकरणहरु एवं सिभिल तथा अन्य संरचनाहरु बाग्लुङ्ग जिल्लाको बाग्लुङ्ग नगरपालिकामा रहेका छन । हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चल अचल सम्पतिको विवरण देहाय बमोजिम रहेको छ :

**१. सम्पत्तिको विवरण**

| विवरण | फर्निचर र फिक्स्चर्स | कार्यालय सामाग्री | कम्प्यूटर र उपकरण | अन्य सम्पत्ती | जम्मा (रु.) |
|---|---|---|---|---|---|
| **मूल्य** | | | | | |
| **१ श्रावण २०७६ सम्मको मौज्दात** | ४९६,४६१ | १८४,८९३ | ३२७,४७१ | ५८,२०३ | १,०६७,०२८ |
| अन्य | - | २,६५० | - | - | २,६५० |
| निसर्ग | - | - | - | - | - |
| **३१ असार २०७७ सम्मको मौज्दात** | ४९६,४६१ | १८७,५४३ | ३२७,४७१ | ५८,२०३ | १,०६९,६७८ |
| अन्य | - | - | - | - | - |
| निसर्ग | - | - | - | - | - |
| **३१ असार २०७८ सम्मको मौज्दात** | ४९६,४६१ | १८७,५४३ | ३२७,४७१ | ५८,२०३ | १,०६९,६७८ |
| **ह्रासकट्टी र नोक्सान घाटा** | | | | | |
| **१ श्रावण २०७६ सम्मको मौज्दात** | ३४९,५६५ | १५१,५८९ | २११,४३८ | १०,८०९ | ७२३,४०० |
| Charge of the year | ३६,७२४ | ८,५४९ | २९,००८ | ११,८४९ | ८६,१३० |
| निसर्ग | - | - | - | - | - |
| **३१ असार २०७७ सम्मको मौज्दात** | ३८६,२८९ | १६०,१३८ | २४०,४४६ | २२,६५८ | ८०९,५३० |
| Charge of the year | २७,५४३ | ६,८५१ | २१,७५६ | ५,३३२ | ६१,४८३ |
| निसर्ग | - | - | - | - | - |
| **३१ असार २०७८ सम्मको मौज्दात** | ४१३,८३२ | १६६,९८९ | २६२,२०२ | २७,९८९ | ८७१,०१२ |
| Carrying Amount | | | | | |
| **१ श्रावण २०७६ सम्मको** | १४६,८९७ | ३३,३०४ | ११६,०३३ | ४७,३९४ | ३४३,६२८ |
| **३१ असार २०७७ सम्मको** | ११०,१७२ | २७,४०५ | ८७,०२५ | ३५,५४६ | २६०,१४८ |
| **३१ असार २०७८ सम्मको** | ८२,६२९ | २०,५५४ | ६५,२६९ | ३०,२१४ | १९८,६६६ |

**२. अर्मूत सम्पत्तिको विवरण**

| विवरण | सेवा सहुतियत व्यवस्था | ट्याली सफ्टवेयर | जम्मा |
|---|---|---|---|
| लागत | | | |
| **२०७६/०४/०१ सम्मको ब्यालेन्स** | ३७३,३१३,३८६ | ३५,०३० | ३७३,३४८,४१६ |
| जोड्ने | १०७,६९० | - | १०७,६९० |
| समायोजन | (६,६०२,४९५) | - | (६,६०२,४९५) |
| डिस्पोजल | - | - | - |
| **२०७७/०३/३२ सम्मको ब्यालेन्स** | ३६६,८१८,५८१ | ३५,०३० | ३६६,८५३,६११ |
| जोड्ने | - | - | - |
| समायोजन | १८,५१८,२२० | - | १८,५१८,२२० |
| डिस्पोजल | - | - | - |
| **२०७८/०३/३१ सम्मको ब्यालेन्स** | ३८५,३३६,८०१ | ३५,०३० | ३८५,३७१,८३१ |
| Amortization & Impairment Losses | | | |
| **२०७६/०४/०१ सम्मको ब्यालेन्स** | १५,६४०,८३७ | २८,१०३ | १५,६६८,९४० |
| यस वर्षको शुल्क | ११,३४२,०८८ | ६,९२७ | ११,३४९,०१५ |
| डिस्पोजल | - | - | - |
| **२०७७/०३/३२ सम्मको ब्यालेन्स** | २६,९८२,९२६ | ३५,०३० | २७,०१७,९५५ |
| यस वर्षको शुल्क | १२,४९८,८४५ | - | १२,४९८,८४५ |
| पूनर्मूल्याङ्कनमा लाग्ने शुल्क | ६८५,८६० | - | ६८५,८६० |
| डिस्पोजल | - | - | - |
| **२०७८/०३/३१ सम्मको ब्यालेन्स** | ४०,१६७,६३० | ३५,०३० | ४०,२०२,६६० |
| **Carrying Amount** | | | - |
| **२०७६/०४/०१** | ३५७,६७२,५४९ | ६,९२७ | ३५७,६७९,४७६ |
| **२०७७/०३/३२** | ३३९,८३५,६५५ | - | ३३९,८३५,६५५ |
| **२०७८/०३/३१** | ३४५,१६९,१७१ | - | ३४५,१६९,१७१ |

(ख) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** आफ्नै सम्पत्ति भएको र लिजमा नलिएको ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति आयोजाना संचालन तथा निर्माणको लागि लिड बैंक कुमारी बैंक लि. (साविकको देव:

विकास बैंक लिमिटेड), र सहभागी बैंकहरुमा ग्लोबल आईमई बैंक लि.(साविकको रिलाइबल डेभलपमेन्ट बैंक लि. र सिद्धार्थ डेभलपमेन्ट बैंक लि), एनएमबि बैंक लि. (साविकको सिटि डेभलपमेन्ट बैंक लि.) र रिलायन्स फाइनान्स लि. (साविकको रिलायन्स लोटस फाइनान्स बैंक लि.) को नाममा धितो रहेको छ ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तिको मुल्य परलमोलमा नै राखिएको र जग्गाहरु आ.व.२०७७/७८ मा मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गरिएको छ र अन्य सम्पत्तिको पूनर्मुल्याङ्कन गरिएको छैन ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** जग्गाको मूल्याङ्कन भ्यालुयटरको मूल्याङ्कन अनुसार गरिएको छ ।

## ग.३.ग भावी योजना तथा रणनीति :

**(क) व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।

(२) यस कम्पनीले आगामी तीन वर्ष अर्थात आर्थिक वर्ष २०८२ भित्र ३.४५ मे.वा.को सिंकोस जलविद्युत आयोजना र प्रस्तावित क्यासकेड (Cascade) ०.७५ मेवाको तल्लो ठेउले खोला जलविद्युत आयोजना निर्माण गर्ने योजना गरेको छ ।

(३) सिंकोस जलविद्युत आयोजनाको अध्ययन कार्य सम्पन्न गरी नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद सम्झौताका लागि प्रक्रिया अगाडि बढेको र प्रस्तावित व्यापारिक उत्पादन मिति २०८३/११/०७ रहेको छ । आयोजनाको वातावरणीय अध्ययनको कार्यहरु सम्पन्न गरी सो को स्वीकृतीका लागि विद्युत विकास विभागमा समेत पेश गरिसकेको छ । उक्त आयोजना पिकिङ्ग रन अफ रिभर (दैनिक पिकिङ्ग क्षमता ४ घण्टा) प्रकृतिको रहने छ । कम्पनीले विद्युत विकास विभागमा सर्वेक्षणको कार्यहरु सकी उत्पादन अनुमति पत्रका लागि आवेदन मिति २०७९/०१/२५ दिईसकेको छ । आयोजनाको निर्माण कार्य आ.व. २०८१/८२ मा शुरु गर्ने प्रक्षेपण गरिएको छ । यस आयोजनाको कूल लागत करिब रु. ७४ करोड रहेका छ ।

४) प्रस्तावित क्यासकेड (Cascade) ०.७५ मेवाको तल्लो ठेउले खोला जलविद्युत आयोजना विद्यमान ठेउले खोला आयोजनाको तल्लो तटिय क्षेत्रमा पर्दछ । सो आयोजना विकासका लागि स्थानिय निकाय (जैमिनि नगरपालिका) मा आवेदन गरिसकेको छ । यो आयोजनाको अनुमति पाएको मितिदेखि एक वर्ष भित्रमा निर्माण कार्य सम्पन्न गर्ने प्रक्षेपण रहेको छ ।

साथै, यस कम्पनीले आफ्नो पूँजी तथा दायित्व समेतलाई विचार गरी आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका अन्य जलविद्युत आयोजना कम्पनीहरुमा लगानी गर्न सकिने छ । यस कार्यका लागि सम्भाव्य आयोजनाहरुको पहिचान गर्ने, त्यस्ता आयोजना कम्पनीहरुको अध्ययन गर्ने र त्यसमा लगानी गर्न उपयुक्त भए नभएको निर्क्योल गर्ने र लगानी गर्न उपयुक्त लागेका आयोजनामा लगानी गर्ने रणनीति अख्तियार गरिने छ । लगानी सम्बन्धी निर्णय गर्दा लगानीको समुचित प्रतिफल प्राप्त गर्ने तर्फ विशेष ध्यान दिने रणनीति अख्तियार गरिनेछ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :**

देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु आगवै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग संग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्ने अलग पहिचान स्थापित गर्न सफल हुनेछ ।

नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र पूर्ति बीच ठुलो अन्तर रहेकोछ । जसले गर्दा उद्योगहरुले अझैपनि विद्युत अभाव खेपिरहेका छन् । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्ने र देशको सोधानान्तर घाटालाई समेत न्यूनिकरण गर्न सकिने देखिन्छ ।

यसर्थ जलविद्युत आयोजनाहरुको विकासले यस क्षेत्रमा लागेका संगठित संघ सस्थाहरुको थप विकास हुने र कम्पनीले आफ्नो व्यबसायको निरन्तरताका लागि अगाडि बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा उर्जा क्षेत्रमा प्रसस्त अध्ययन अनुसन्धान, मानव संशाधनको विकास र व्यवस्थापनका नविन प्रयोगहरु हुने हुनाले जलविद्युतको विकासले संगठित संघ संस्थाहरु लगायत समग्र देशमा पुर्वाधार विकासको नयाँ आयाम पहिल्याउने देखिन्छ ।

## ग.३.घ सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ६ (छ) जना सञ्चालक सदस्यहरु रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक समूहबाट निर्वाचित | ४ जना |
| सर्वसाधारण समूहबाट निर्वाचित | १ जना |
| स्वतन्त्र सञ्चालकहरु | १ जना |
| **जम्मा** | **६ जना** |

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १,००० (एक हजार) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

## ग.४ पुँजी संरचना सम्बन्धी जानकारी

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्वन्धी विवरण :**

**<u>अधिकृत पुँजी :</u>** कम्पनीको अधिकृत पूँजी रु.३०,००,००,०००/–(अक्षरेपी तीस करोड रुपैया) रहेको छ । उक्त पूँजीलाई रु.१००/–का दरले ३०,००,००० (तीस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**<u>जारी पुँजी :</u>** कम्पनीको जारी पूँजी रु.२५,००,००,०००/–(अक्षरेपी पच्चीस करोड रुपैया) रहेको छ । उक्त पूँजीलाई रु.१००/–का दरले २५,००,००० (पच्चीस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**<u>चुक्ता पुँजी</u>** : कम्पनीले आफ्नो जारी पूँजी मध्ये १८,००,००० थान शेयर बापतको प्रति शेयर रु.१००/–का दरले जम्मा रकम रु.१८,००,००,०००/–(अक्षरेपी अठार करोड रुपैया) कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको र बाँकी ७,००,००० थान शेयर सार्वजनिक निष्काशनद्वारा सर्वसाधारणलाई जारी गर्नेछ । आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुको लागि यस विवरणपत्र

मार्फत रु.२,५०,००,०००/–(अक्षरेपी दुई करोड पचास लाख रुपैया) बराबरको शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु.२०,५०,००,०००/–(अक्षरेपी बीस करोड पचास लाख रुपैया मात्र) हुनेछ र सर्वसाधारणको लागि छुट्टाइएको रु.४,५०,००,०००/–(अक्षरेपी चार करोड पचास लाख रुपैया मात्र) बराबरको पूरै शेयर निष्काशन भएपछि कम्पनीको चुक्ता पूँजी रु.२५,००,००,०००/–(अक्षरेपी पच्चिस करोड रुपैंया) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छ :**

| क्र.सं | आ. व. | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०७०/१२/२३ | रु.१५,००,००,०००/- | रु.१५,००,००,०००/- | रु.५८,५२,०००/- | - |
| २. | २०७३/१२/२८ | रु.१५,००,००,०००/- | रु.१५,००,००,०००/- | रु.७,६५,००,०००/- | - |
| ३. | २०७४/०५/११ | रु.२०,००,००,०००/- | रु.१५,००,००,०००/- | रु.१०,५०,००,०००/- | - |
| ४. | २०७६/०३/१५ | रु.३०,००,००,०००/- | रु.२०,००,००,०००/- | रु.१३,००,००,०००/- | - |
| ५. | २०७८/१०/२५ | रु.३०,००,००,०००/- | रु.२५,००,००,०००/- | रु.१८,००,००,०००/- | - |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं. | शेयरधनीहरु | समुह | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | क | १८,००,००० | १८,००,००,०००/– | ७२% | शतप्रतिशत |
| २ | सर्वसाधारण शेयरधनी (स्थानीय) | ख | २,५०,००० | २,५०,००,०००/– | १०% | हाल निष्काशन प्रक्रियामा रहेको |
| ३ | सर्वसाधारण शेयरधनी (कर्मचारीहरु समेत) | ख | ४,५०,००० | ४,५०,०००००/– | १८% | हाल निष्काशन प्रक्रियामा रहेको |
| | **जम्मा** | | **२५,००,०००** | **२५,००,००,०००/–** | **१०० %** | |

**नोट :** स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।

**(ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्)** : शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

## ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :

### ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव : ५ प्रतिशत**

**आधारभूत शेयरधनीको विवरण :**

| क्र.सं | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव: सम्बन्धित/प्रस्तावित व्यापार/व्यवसायमा अनुभव | अनुभव: अन्य) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री सूर्यप्रसाद अधिकारी | संचालक | ५३ | नेपाली | नारायणपुर - ५, चितवन | ५,४७,६७० | स्नातक (वि.ई., ईलेक्ट्रीकल एण्ड ईलेक्ट्रोनिक्स ईन्जिनियरिङ्ग) बीड्ला ईन्सीट्यूट अफ टेक्नोलोजि (भारत) स्नातकोत्तर (एम.एस्सी., ईन्जिनियरिङ्ग व्यवस्थापन ) साउथवेस्ट फालियायूनिभर्सिटी अफ अपलाईड साईन्सेस, जर्मनी | - जलविद्युत आयोजना अध्ययन, विकास, व्यबस्थापन, संचालन तथा कार्यसम्पादन सम्बन्धी मिति २०५२ सालदेखि हालसम्म गरी जम्म २७ वर्षको अनुभव प्राप्त ।<br>- वि.स.२०७१ सालदेखि कार्यकारी भूमिकामा कम्पनीको नीतिगत निर्णय तथा सम्पूर्ण कम्पनी संचालन सम्बन्धी कार्य गरिरहेको । | - |
| २ | श्री अनमोल प्रकाश सिँह | संचालक | ४५ | नेपाली | का.म.न.पा.-३, काठमाण्डौ | १७३,०६० | स्नाकोत्तर व्यवस्थापन पोखरा | - वि.स. २०५९ सालदेखि हालसम्म जलविद्युत क्षेत्रमा व्यवस्थापन तथा कार्यसम्पादनको कार्यनुभाव ।<br>- वि.स. २०७२ देखि बाराही हाईड्रोपावर पब्लिक लिमिटेडको संचालक सदस्यमा | नेशनल लाईफ एण्ड जनरल इन्सुरेन्स लि. (२००६-२००९) ऐनएलजी इन्सुरेन्स (२०१०-२०१६) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | रही कार्यनुभाव । - वि.स. २०६२ देखि २०६६ सम्म मैलुन जलविद्युत कम्पनी लि संचालक सदस्यको पदमा रही कार्य गरेको । | |
| ३ | श्री डिल्लिराम पङ्गेनी | संस्थापक | ५४ | नेपाली | वालिङ्ग - ९, स्याङ्जा | १२५,००० | व्यवस्थापनमा स्नाकोत्तर (MBA) त्रिभुवन विश्व विद्यालय | - वि.स. २०७३ सालदेखि वि.स. २०७६ सम्म बाराही हाईड्रोपावर पब्लिक लिमिटेडको संचालक सदस्यमा रही कार्यनुभाव । | |

## संचालकहरुको विवरण

| क्र.सं | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सम्बन्धित/प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव | अन्य |
| १ | श्री लक्ष्मी नारायण पराजुली | अध्यक्ष | ५६ | नेपाली | का.म.न.पा.-४,काठमाण्डौ | ६४,७८० | स्नातक ( सिभिल ईन्जिनियरिङ्ग) स्नातक फ्रेन्च भाषा | - मिति २०७८ सालदेखि बाराही हाईड्रोपावर पब्लिक लिमिटेडको अध्यक्ष पदमा रही कार्य गरेको । | - आवास तथा वातावरण सरोकार समुह नेपालमा विगत २७ वर्ष (वि.स. २०५२ साल) देखि इन्जिनियरिङ्ग परामर्श सेवामा कार्य गरेको अनुभव भएको । |
| २ | श्रीसूर्यप्रसाद अधिकारी | संचालक | ५२ | नेपाली | नारायणपुर - ५, चितवन | ५,४७,६७० | स्नातक (वि.ई., ईलेक्ट्रीकल एण्ड ईलेक्ट्रोनिक्स ईन्जिनियरिङ्ग) एम .एस्सी. , ईन्जिनियरिङ्ग ब्यवस्थापन ) | - जलविद्युत आयोजना अध्ययन, विकास, ब्यबस्थापन, संचालन तथा कार्यसम्पादन सम्बन्धी मिति २०५२ सालदेखि हालसम्म गरी जम्म २७ वर्षको अनुभव प्राप्त । - वि.स.२०७१ सालदेखि कार्यकारी भूमिकामा कम्पनीको नीतिगत निर्णय तथा सम्पूर्ण कम्पनी संचालन सम्वन्धी कार्य गरिरहेको । | - |
| ३ | श्री अनमोल प्रकाश सिँह | संचालक | ४५ | नेपाली | का.म.न.पा.-३, काठमाण्डौ | १७३,०६० | स्नाकोत्तर ब्यवस्थापन पोखरा | - वि.स. २०५९ सालदेखि हालसम्म जलविद्युत क्षेत्रमा ब्यवस्थापन तथा कार्यसम्पादनको कार्यनुभाव । - वि.स. २०७२ देखि बाराही हाईड्रोपावर पब्लिक लिमिटेडको संचालक सदस्यमा रही कार्यनुभाव । - वि.स. २०६२ देखि २०६६ सम्म मैलुन जलविद्युत कम्पनी लि संचालक | - |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सदस्यको पदमा रही कार्य गरेको । | |
| ४ | श्री दिपक तिवारी | संचालक | ४० | नेपाली | देविस्थान - ९ , पर्वत | ८,२२० | एम.ए | - जलविद्युत निर्माण सामाग्री खरिद व्यवस्थापन तथा कार्यसम्पादनमा वि.स. २०६९देखि हालसम्म गरी १० वर्षको अनुभव भएका ।<br>- वि.स.२०७५ सालदेखि बाराही हाईड्रोपावर पब्लिक लिमिटेडको संचालक सदस्यमा रही कार्यनुभाव । | - |
| ५ | श्री राजेश कुमार रौनियार | संचालक | ४८ | नेपाली | का.म.न.पा.- ३३, काठमाण्डौ | १,००० | एम.बिए | - वि.स.२०७९ सालदेखि बाराही हाईड्रोपावर पब्लिक लिमिटेडको संचालक सदस्यमा रही कार्यनुभाव । | - नेपाल सि.आर.एस. हेल्थ केयरको बोर्डमा वि. स. २०७८ देखि हालसम्म सदस्य रहनुभएको । |
| ६ | श्री सुनिता जिसी | स्वतन्त्र संचालक | ३६ | नेपाली | फोक्सिङ्गकोट - १ , पाल्पा | - | एम.ए. | - वि.स.२०७५ सालदेखि बाराही हाईड्रोपावर पब्लिक लिमिटेडको स्वतन्त्र संचालक सदस्य रही कार्यानुभाव । | - आवास तथा वातावरण सरोकार समुह नेपालमा वि.स. २०७४ देखि हालसम्म कार्य गरेको अनुभव भएको । |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

सो नभएको

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

कम्पनीका सञ्चालकहरु आवद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण देहाय अनुसार छ :

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री सूर्यप्रसाद अधिकारी, नारायणपुर - ५, चितवन | सिंकोस हाईड्रोपावर प्रा.लि, बख्खुडोल, ललितपुर |
- कम्पनीबाट निर्माण भएको जलविद्युत आयोजनाको निर्माण कार्य गर्दाको बखतमा इलेक्ट्रोमेकानिकलसँग सम्बन्धित बाँकि खर्च भुक्तानी गर्न सहवित्तीयकरण बैंकहरुबाट लिइएको Bridge Gap Loan र अन्य सम्बन्धित खर्च भुक्तानी गर्नु यस निष्काशनको उद्देश्य रहेको छ ।

**ग.१०.ख धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग**

(क) **निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धि विवरण :** आयोजना प्रभावित क्षेत्र बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स.तथा जैमिनी नगरपालिकाको अन्य वडाहरुका स्थानीय बासिन्दाहरु र सर्वसाधारणहरुमा धितोपत्र निष्काशन गरे पश्चात् प्राप्त हुने रकमलाई र्सवसाधारणमा शेयर जारी गरे पश्चात् तिर्ने गरी बैंक तथा वित्तीय संस्थासँग सम्झौता भएको र सोही बमोजिम बैंक तथा वित्तीय संस्थालाई तिर्नुपर्ने दायित्व घटाउने र आयोजनाको आवधिक मर्मत संभार तथा अन्य दायित्व भुक्तानी गर्ने भएको र सो को विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | बैंक तथा वित्तीय संस्थालाई तिर्नुपर्ने जम्मा दायित्व | रु.६,००,००,०००/- |
| १.१ | Bridge Gap Loan | रु. ७५,००,०००/- |
| १.२ | Term Loan | रु.५,२५०,००,०००/- |
| २ | आयोजनाको अन्य दायित्व | रु. १००,००,०००/- |
| **जम्मा** | | **रु.७,००,००,०००/-** |

(ख) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :** अन्य जलविद्युत कम्पनीले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेको छ । कथंकदाचित निष्काशन गरिने धितोपत्र स्थानिय बासिन्दाहरुले पूर्ण रुपमा खरीद नगरेमा बाँकि रहने धितोपत्रलाई सर्वसाधारणहरुको लागि निष्काशन गरिने धितोपत्रमा थप गरी बिक्री वितरण गरिनेछ । साथै, सर्वसाधारणको लागि निष्काशन गरिने धितोपत्र समेत पूर्ण रुपमा बिक्री नभएमा निष्काशन गरिने धितोपत्रको प्रत्याभुती गर्नका लागि श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसार मार्ग, कमलादी, काठमाडौंद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ ।

(ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** कम्पनीबाट निर्माण गरिएको आयोजना बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स. मा पर्दछ । सो आयोजनाको लागि आवश्यक पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भई मिति २०७५ आषाढ २४ गतेबाट आयोजना संचालनमा रही विद्युत उत्पादन भईरहेको छ ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** ठेउले खोला जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०७५ साल आषाढ २४ गते देखि पूर्ण रुपमा व्यवसायिक उत्पादन शुरु भइसकेको छ ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरु :**
ठेउले खोला जलविद्युत आयोजनाको लागि Asia Pacific Power tech China बाट जम्मा रु. ५,७२,९३२५० बराबर मूल्यको Electromechanical Equipment हरु खरिद गर्ने सम्झौता गरी उपकरणहरु ल्याई जडान गरिएको र सो उपकरणहरुबाट सफलतापूर्वक विद्युत उत्पादन भइरहेको छ । त्यसैगरी रत्नमणि स्टिल वर्कशबाट Painstock Pipe तथा अन्य हाईड्रो मेकानिकल उपकरणहरु तथा जडान खर्च समेत गरि ७,३७,३५,३३३.७३। बराबरको उपकरणहरुबाट सफलतापूर्वक विद्युत उत्पादन भईरहेको छ ।

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** ठेउले खोला आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्रधिकरणको राष्ट्रिय प्रसारण लाइन मार्फत सर्वसाधारणहरुले प्रयोग गरिरहेको ।

प्रतिस्पर्धा : हाल प्रतिस्पर्धा नरहेको ।

लक्षित समूह : नेपाल विद्युत प्रधिकरण ।

उत्पादन क्षमता : यस जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता १.५ मेगावाट रहेको छ ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** बाग्लुङ्ग जिल्लाको जैमिनि नगरपालिकामा बग्ने ठेउले खोलाको पानी ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** बाग्लुङ्ग जिल्लाको जैमिनि नगरपालिकामा बग्ने ठेउले खोलाको पानीबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणको केन्द्रीय प्रसारण लाइनबाट विद्युत आपूर्ति भइरहेको ।

(ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने ।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.३,६७,५००/–
(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको।
(ई) प्रत्याभूतिकर्ता शुल्क – रु.३,५०,०००/–
(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – सो नभएको।
(उ) लेखापरिक्षकको शुल्क – प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत रु.४०,०००/– भ्याट बाहेक भुक्तानी गरिएको।

**ग.१०.ग. सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः**
यस सार्वजनिक निष्काशनबाट प्राप्त भएको रकमलाई र्सवसाधारणमा शेयर जारी गरे पश्चात तिर्ने गरी बैंक तथा वित्तीय संस्था सँग सम्झौता भएको र सोही अनुरुप नै निष्काशन पश्चात रु. ५०,००,००० (पचास लाख) आयोजनाको आवधिक मर्मत संभारको लागि र बाँकी रकम बैंक तथा वित्तीय संस्थालाई तिर्नुपर्ने दायित्व घटाउने योजना रहेको छ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :** शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**ग.१०.ङ धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**

**आयोजना प्रभावित क्षेत्र बाग्लुङ्ग जिल्लाका स्थानीयहरुः**

आयोजना प्रभावित क्षेत्र जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ (साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स.) र जैमिनी नगरपालिकाका अन्य वडाका स्थानीयहरुको लागि छुट्याइएको जारी पूँजीको १० प्रतिशतले हुन आउने २,५०,००० कित्ता शेयरका लागि स्थानीय बासिन्दाहरुबाट अत्यधिक माग भई आएको अवस्थामा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ। कम्पनीले स्थानीय बासिन्दाहरुलाई खरीद गर्न आव्हान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ( ४) को उपनियम (३) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिने छ।

**सर्वसाधारण शेयरधनीहरु :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदकालागि आवेदनकर्ताहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ। त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ।

**(ख) अत्यधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :**

धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार शेयर बाँडफाँड गरे पश्चात भौतिक आवेदन फारम मार्फत आवेदन गरेको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोभ्कै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ। आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु (स्थानीय तथा सर्वसाधारण) को हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्विकृत र अस्विकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमाः**

भौतिक आवेदन फारम मार्फत आवेदन गरेकाको हकमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था अनुसार उपदफा (२) बमोजिम भुक्तानी फिर्ता गर्दा धितोपत्र बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ। आस्वा मार्फत आवेदन दिएकाको हकमा यो व्यवस्था लागुहुने छैन।

**सर्वसाधारण शेयरधनीको हकमा :**

यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले सो व्यवस्था लागू हुने छैन।

**(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :**

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :**

यस विवरणपत्र अनुसार आयोजना प्रभावित क्षेत्र जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स.का स्थानीयहरुको लागि जारी गरिने २,५०,००० कित्ता साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समयभित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई प्रमाणपत्र जारी गरिनेछ। आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई जारी गरिने शेयर प्रमाणपत्र बाँडफाँट भएको मितिले ३ वर्षसम्म बिक्री वितरण गर्न नपाईने व्यहोरा उल्लेख गरी वितरण गरिनेछ। आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुलाई जारी गरिएको सम्पूर्ण शेयर खरीदकालागि आवेदन पर्न नआई बाँकी रहन गएमा उक्त बाँकी रहेको शेयर सर्वसाधारणलाई निष्काशन गर्नकालागि छुट्याईएको शेयरमा थप गरी निष्काशन गरिनेछ।

**सर्वसाधारण शेयरधनीको हकमा :**

यस विवरणपत्र मार्फत सर्वसाधारणको लागि जारी गरिने ४,५०,००० कित्ता (आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुबाट खरीद नभई शेयर बाँकी रहन गएमा सो समेत) साधारण शेयरहरुको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समयभित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण तथा

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात आवेदन फाराममा उल्लेख भएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :**

निष्काशन गर्ने साधारण शेयर हाल सूचिकरण भइसकेको छैन । सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात एकैसाथ नेपाल स्टक एक्सेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरीद बिक्रीको व्यवस्था मिलाईनेछ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयर सर्वसाधारणको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरीद बिक्रीको व्यवस्था मिलाईनेछ।

**ग.१०.च प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा सर्वसाधारणहरुलाई बिक्री गरिने शेयरमा थप गरी बिक्री गर्नेछ र सर्वसाधारणमा निष्काशन गरिने शेयर पूर्ण रुपमा बिक्री नभई शेयर बाँकी रहेमा सो बाँकी रहेको शेयर प्रत्याभुत गर्नकालागि श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसार मार्ग, कामलादीद्वारा प्रत्याभूतिकालागि प्रतिवद्धता सहित सम्झौता प्राप्त भएको छ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मुख्य बूँदाहरु :**

प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु देहाय बमोजिम रहेको छ :

१. निष्काशनकर्ता कम्पनीले सार्वजनिक शेयर निष्काशनको लागि नियुक्त गरेको प्रत्याभूतिकर्तालाई सेवा शुल्क वापत प्रत्याभूति गरेको रकम रु. ७,००,००,०००/-(अक्षेरुपी सात करोड रुपैंया मात्र) को ०.५% का दरले हुन आउने एकमुष्ठ रु. ३,५०,०००/-(अक्षेरुपी तिन लाख पचास हजार रुपैंया मात्र) फिर्ता नहुने गरी भुक्तानी गर्नेछ। उक्त सेवा शुल्क बापतको रकम सेवनमा दर्ता भएको मितिले ७ (सात) दिनभित्र मुक्तिनाथ क्यापिटल लिमिटेडलाई भुक्तानी गर्नेछ। उक्त सेवा शुल्क रकममा नेपाल धितोपत्र बोर्डलाई भुक्तानी गर्नुपर्ने कमिशन रकम समेत समावेश हुनेछ।

२. स्थानिय बासिन्दाहरुको लागि निष्काशन गरिएको सम्पूर्ण शेयर बिक्री नभएमा बाँकी रहेको शेयर बिक्री नभएमा बाँकी रहेको शेयर समेत सर्वसाधारणहरुमा निष्काशन गरिनेछ र यसरी सर्वसाधारणहरुमा सार्वजनिक शेयर निष्काशन गरिएको सम्पूर्ण शेयर कित्ताको लागि दरखास्त नपरेको अवस्थामा प्रत्याभूतिकर्ताले प्रति शेयर रु.१००/- का दरले बढिमा ७,००,००० कित्ता साधारण शेयर खरिद गर्नेछ।

३. निष्काशनकर्ता कम्पनी र प्रत्याभूतिकर्ता बिच लिखित तथा मौखिक रुपमा सूचनाहरुको आदान प्रदान हुनेछ र यस्ता सूचनाहरु दुवै पक्षले गोप्य राख्नेछन् र एक अर्काको सहमति विना यस्था सूचनाहरु कसैलाई उपलब्ध गराउने छैन।

४. निष्काशनकर्ता कम्पनीको शेयर स्थानीय बासिन्दाहरुमा निष्काशन गर्दा सम्पूर्ण शेयरहरु बिक्री नभएमा बाँकी रहेको शेयर समेत सर्वसाधारणहरुमा बिक्री गरिनेछ र यसरी शेयर बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वत: पूरा हुनेछ।

५. यो सम्झौताको अवधि सम्झौता भएको मितिले ६ (छ) महिनाको हुनेछ।

६. शेयर प्रत्याभूति गराउने वा शेयर निष्काशन तथा बिक्री गर्ने प्रयोजनको निमित्र यदि प्रथम पक्षले जानीजानी झुठा विवरण दिएको रहेछ भने र सो कारणबाट सर्वसाधारणमा शेयर बिक्री वितरण हुन नसकी असामान्य परिस्थिति सिर्जना भएमा समेत त्यसको जवाफदेहि निष्काशनकर्ता कम्पनी हुनेछ र माथि दफा २ को शर्त स्वत: खारेज भएको मानिनेछ।

७. यस सम्झौताको कार्यान्वयन मुलुकी देवानी (संहिता) ऐन, २०७४ बमोजिम हुनेछ। यस सम्झौतामा उल्लेख गरिएको विषयको व्याख्यामा कुनै विवाद तथा बुझाइमा फरकपन सिर्जना भएमा दुवै पक्षको आपसी समझदारीमा सो विवादको निरोपण गरिनेछ। आवसी समझदारीबाट विवाद निरोपण हुन नसकेमा प्रचलित ऐन बमोजिम विवाद निरोपण गरिनेछ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, बबरमहल, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दस) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन

चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम अधिकतम १०,००० (दश हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा :**

आयोजना प्रभावित क्षेत्र बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स.तथा जैमिनी नगरपालिकाका अन्य वडाहरुमा स्थानीय बासिन्दाकालागि छुट्याईएको शेयरमा आवेदन दिई बाँडफाँडमा परेका शेयरधनी बाहेकका कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

१. तोकिएका संकलन केन्द्र मार्फत आवेदन दिन चाहने आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपमा हालसालै खिचेको पासपोर्ट साईजको फोटो, बाग्लुङ्ग जिल्लाबाट जारी नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित (स्वयं प्रमाणित गरी) दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. हितग्राही खाता खोलिसकेका स्थानीय बासिन्दाहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्वा (C-ASBA) सदस्यता प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट मार्फत पनि आवेदन फारम प्राप्त गर्न तथा बुझाउन सकिनेछ । यसरी आवेदन फारम बुझाउँदा आवेदकले बाग्लुङ्ग जिल्लाबाट जारी नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले समेत सो नागारिकताको प्रमाणपत्र बाग्लुङ्ग जिल्लाबाट जारी भए नभएको रुजु गरेर मात्र आवेदन फारम स्वीकार गर्नुपर्नेछ ।

३. १६ बर्ष भन्दा कम उमेरका स्थानीयले आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ । आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

४. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्रको स्विकृती प्राप्त भएको मिति २०७९/०६/२३ भित्रमा बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स.मा तथा जैमिनी नगरपालिकाका अन्य वडाहरुमा स्थायी रुपमा बसाई सराई गरी वा विवाह गरी आएका तथा सो मितिसम्ममा बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकामा बसाई गरेका स्थानीयहरुले यस निष्काशनमा आवेदन गर्न सक्नेछन् । यसैलाई आधार मानी सो मिति पूर्व अन्य स्थानबाट विवाह भै आएका महिला तथा बसाई सराई गरी आएका व्यक्तिहरुको हकमा मिति खुलेको विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी वा बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्विकृती प्राप्त भएको मिति २०७९/०६/२३ भित्रमा अन्य जिल्लाबाट विवाह गरी आएका वा बसाइ सराई गरी बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स.मा आएका व्यक्तिहरुले यस निष्काशनमा सि आस्वा मार्फत शेयर खरीदकालागि आवेदन दिंदा निजहरु बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स. .स.तथा जैमिनी नगरपालिकाका अन्य वडाहरुको स्थानीय भन्ने पुष्टी नहुने भई निजहरुको आवेदन अस्वीकृत हुने हुँदा निजहरुले तोकिएको संकलन केन्द्र मार्फत मात्र बसाई सराई वा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गरी भौतिक रुपमा नै आवेदन गर्नुपर्नेछ ।

६. माथि उल्लेखित स्थानीय बासिन्दाका सम्बन्धमा वा शेयर खरीद प्रक्रियामा कुनै विवाद आएमा सम्बन्धित गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र बमोजिम हुनेछ ।

७. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्विकृती प्राप्त भएको मिति २०७९/०६/२३ भन्दा अगावै १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अन्य जिल्लामा गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

९. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१०. साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१२. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१३. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्थामार्फत मात्र आवेदन दिनुपर्नेछ ।

१४. रु. ५०,०००/- भन्दा बढी रकमको लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१५. रु. ५,००,०००/- सम्मका लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) पेश गर्नुपर्नेछ । रु. ५००,०००/- भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**सर्वसाधारणहरुको हकमा :**

१. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्थामार्फत मात्र आवेदन दिनुपर्नेछ ।

२. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तिय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य संचालन निर्देशिका, २०७४ को अनुसूची ४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फारम भरी CRN नम्बर लिनुपर्नेछ ।

३. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।

४. आवेदकले CRN नम्बर प्राप्त गरे पश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तिय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ ।

५. आवेदकले आवेदन फाराममा उल्लेख गरेको हितग्राही खाता नम्बर र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

६. सि आस्वा मार्फत आवेदन दिने आवेदकले सम्बन्धित बैंक तथा वित्तीय संस्थाले उपलब्ध गराएको अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
   ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
   च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
   छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

७. आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।

८. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

९.आयोजना प्रभावित क्षेत्रका बासिन्दाकालागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वत: अयोग्य ठहरिने छ ।

१०. सर्वसाधारणले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नम्बर लिईसकेको हुनुपर्नेछ ।

११. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१२. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ ।

१३. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१४.शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

१६. रु. ५,००,०००/- भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर अनिवार्य पेश गर्नुपर्नेछ । रु. ५००,०००/- भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

## ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति** : कारोबार नभएको ।

(ख) **आधारभूत शेयरधनी** : कारोबार नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** : सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा** : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने** : ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु**

: कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापनमा नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्याः**

निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :**

नभएको ।

**ग.१४ पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरणः**

(क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) यस कम्पनीको लेखापरिक्षकमा चार्टर्ड एकाउन्टेण्ट संस्था श्रेष्ठ एस एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्स, ललितपुर रहेको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | खाता नं. |
|---|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि., लाजिम्पाट, काठमाण्डौं । | ०३६०१०४०२६६५४३ |

साथै आवश्यकता अनुसार थप निष्कासन बैंकको आवश्यकता भएमा बोर्डमा २ कार्यदिन अघि जानकारी दिई  अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था यु.आर.पि. एण्ड एशोसियटसका चार्टड एकाउण्टेण्टद्धारा प्रमाणित गरिएको छ ।

(ख) **माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** : सो नभएको ।

## ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :

यस आयोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी तथा कुमारी बैंक लि. (साविकको देवः विकास बैंक लिमिटेड). को अगुवाईमा ग्लोबल आईमई बैंक लि.(साविकको रिलाइबल डेभलपमेन्ट बैंक लि.र सिद्धार्थ डेभलपमेन्ट बैंक लि), एनएमबि बैंक लि. (साविकको सिटि डेभलपमेन्ट बैंक लि.) र रिलायन्स फाइनान्स बैंक लि. (साविकको रिलायन्स लोटस फाइनान्स बैंक लि.). बाट सहवित्तियकरण ऋण व्यवस्थापन गरिएको छ । उक्त कर्जाको कुल स्वीकृत सीमा रु. १७ करोड ७५ लाख भएकोमा पुनः थप गरेको कर्जा सहित रु. २२ करोड २० लाख ६१ हजार ५ सय ६४ भएकोमा २०७९ आषाढ मसान्तमा बाँकी कर्जा रु. २० करोड ५८ लाख ६ सय ६ रहेको छ ।

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | कर्जा भुक्तानी अवधि | २० वर्ष |
| २ | कर्जा भुक्तानी तरिका | त्रैमासिक रुपमा |
| ३ | हाल कायम रहेको ब्याजदर | ८.५६ % |
| ४ | शुरुको किस्ता रकम भुक्तानी हुने वर्ष | असोज मसान्त २०७५/७६ |
| ५ | अन्तिम किस्ता रकम भुक्तानी हुने वर्ष | पौष मसान्त २०९५/९६ |

| क्र.सं. | विवरण | रकम (रु) |
|---|---|---|
| १ | कुमारी बैंक लि. (साविकको देवः विकास बैंक लिमिटेड) | ६७,५००,००० |
| २ | ग्लोबल आईमई बैंक लि.(साविकको रिलाइबल डेभलपमेन्ट बैंक लि.र सिद्धार्थ डेभलपमेन्ट बैंक लि) | ६०,०००,००० |
| ३ | एनएमबि बैंक लि.(साविकको सिटि डेभलपमेन्ट बैंक लि.) | २५,०००,००० |
| ४ | रिलायन्स फाइनान्स बैंक लि. (साविकको रिलायन्स लोटस फाइनान्स बैंक लि. | २५,०००,००० |
| | **जम्मा** | **१७७,५००,०००** |
| ५ | शुरु कर्जा रकम (जम्मा) | **१७७,५००,०००** |
| | थप भएको कर्जा रकम (जम्मा) | **४४,५६१,५६४** |
| | **जम्मा कर्जा** | **२२२,०६१,५६४** |
| ६ | पहिलो वर्षको प्रत्येक त्रैमासिक किस्ता | - |
| ७ | दोश्रो वर्षको प्रत्येक त्रैमासिक किस्ता | - |

| | | |
|---|---|---|
| ८ | तेश्रो वर्षको प्रत्येक त्रैमासिक किस्ता | - |
| ९ | चौथो वर्षको प्रत्येक त्रैमासिक किस्ता | - |
| १० | पाँचौ वर्षको प्रत्येक त्रैमासिक किस्ता | - |
| ११ | छैंटौं वर्षको प्रत्येक त्रैमासिक किस्ता | - |
| १२ | सातौ वर्षको प्रत्येक त्रैमासिक किस्ता | ३६७,३२२ |
| १३ | आठौं वर्षको प्रत्येक त्रैमासिक किस्ता | ६६२,४९९ |
| १४ | नवौं वर्षको प्रत्येक त्रैमासिक किस्ता | २०२,२३८ |
| १५ | दशौ वर्षको प्रत्येक त्रैमासिक किस्ता | १०,५२८,८९९ |
| १६ | आषाढ मसान्त २०७९ सम्म भुक्तान गरिएको कर्जा रकम | १,१७६०,९५८ |
| १७ | बाँकी कर्जा रकम | २०१,३००,६०६ |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा** : सो नभएको ।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने** : सो नभएको ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु** : सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु रोश्ना मानन्धर मार्फत् प्रेषित गर्न सक्ने छन : फोन नं.: ०१-४४२५२८० एक्स्टेन्सन ४४४, E-mail: info@niblcapital.com

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२० ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२ अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि चार्टर्ड एकाउन्टेण्ट यु.आर.पि. एण्ड एसोसियट्स, चार्टड एकाउण्टेण्टसले प्रमाणित गर्नुभएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणितगरी आफ्नो राय व्यक्त गर्नुभएको छ। विशेषज्ञको राय यसै विवरणपत्र साथ संलग्न गरिएको छ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| सि.नं. | परिवर्तन भएको संचालकको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत /बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | श्री लक्ष्मी नारायण पराजुली (सदस्य बाट अध्यक्ष) | पुरानो अध्यक्षले राजीनामा दिएकोले | २०७७/१०/१५ |
| २. | श्री सूर्यप्रसाद अधिकारी (अध्यक्ष बाट सदस्य) | अध्यक्ष पदबाट राजिनामा दिएको | २०७७/१०/१५ |
| ३ | श्री अश्मी उपाध्याय | सदस्य बाट राजिनामा | २०७८/०८/११ |
| ४ | श्री राजेश कुमार रौनियार (नयाँ संचालक सदस्य नियुक्ति) | पुरानो संचालक सदस्यले राजिनामा दिएकोले मिति २०७८/१०/२५ नयाँ नियुक्ति | |

| सि.नं. | परिवर्तन भएको लेखा परिक्षकको नाम | परिवर्तन भएको कारण | बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | एस.जे एण्ड एशोसियट्स चार्टड एकाउन्टेन्टस | पदावधि समाप्त | २०७५/०७६ |
| २. | बि.पि. पाठक एण्ड एशोसिएट्स चार्टड एकाउन्टेन्टस | कोभिड १९ बाट प्रभावित भएको कारण राजिनामा | २०७६/०७७ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. २ मा स्थायी बसोबास रहनु भएका श्री सन्त राम फुयाल यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ । श्री सन्त राम फुयालले त्रिभुवन विश्वविद्यालयबाट कानूनमा स्नातकसम्म शैक्षिक योग्यता हासिल गर्नुभएको छ ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७८/०८/११ गते बसेको छैठौं बार्षिक साधारण सभाबाट संस्थापक शेयरधनीहरुको समुहले शेयर स्वामित्व ६२% राख्ने र सर्वसाधारणको लागि २८ % छुट्टयाउने निर्णय भएको छ । सोही अनुसार यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा (२०७५

षौष २८ गते ) कम्पनीको जारी पूँजी २५,००,००,०००। (पच्चिस करोड) पुऱ्याउने निर्णय भएको छ । जस मध्ये ५,००,००,००० हकप्रद शेयर र बाकी सार्वजनिक निश्काशन गर्ने योजना रहेको छ । मिति २०७४/०५/१० को वार्षिक साधारण सभाको निर्णय अनुसार रु ३,००,००,०००। हकप्रद शेयर कम्पनीमा प्राप्त भएको अवस्थामा कम्पनीको चुक्ता पूँजी १८,००,००,०००। पुगेको र बाँकी रु ७,००,००,०००। बराबरको सार्वजनिक शेयर निश्काशन गर्ने योजना बनाएको छ । सोही अनुसार रु.१००/–अंकित दरको ७,००,००० कित्ता साधारण शेयर मध्ये रु.२,५०,००,०००/–बराबरको रु.१००/–अंकित दरको २,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) बाग्लुङ जिल्ला जैमनी नगरपालिका अर्न्तगत कुश्मिशेरा वडा नं. १, सर्कुवा वडा नं. ४ र बिनामारे वाड नं. ५ तथा जैमनी नगरपालिकाका अन्य वडाहरुका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिने निर्णय गरिएको छ । साथै सो कार्यको लागि एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकमा नियुक्त गर्ने निर्णय गरेकोछ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**
आयकर ऐन २०५८ को दफा ११ (३ घ) को व्यवस्था अनुसार यस कम्पनीले विद्युत उत्पादन शुरु गरेको मितिले पहिलो १० वर्षसम्म पुरै आयकर छुट पाउनेछ र त्यस पछिको ५ वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने छ ।

साथै विद्युत ऐन २०४९ को दफा १२ (७) तथा आर्थिक ऐन २०७२ को दफा (२) को उपदफा (१) अन्तर्गत आयोजना निर्माणको लागि आवश्यक स्टील, पाइप, उपकरण आदीको आयातमा भन्सार महशुल १ प्रतिशत लाग्ने एवं मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ५(३) अन्तर्गत मूल्य अभिवृद्धि कर पुरै छुट हुने सुविधा दिइएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**
कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।
१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वडा नं. ११, ववरमहल, काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**
हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने २,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स.का तथा जैमनी नगरपालिकाका अन्य वडाहरुकास्थानिय बासिन्दाहरुका लागि निष्काशन गरिएको छ । यस बिवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई थप गरी बिक्री गर्न सकिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**
कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र मार्फत् निष्काशित आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्रमा बिक्री प्रबन्धकले सङ्कलन केन्द्रको आवश्यक व्यवस्था गरी आवेदन फारम, विवरणपत्र वितरण तथा आवेदन फारम सहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गर्नेछ । सर्वसाधारणको हकमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृत सम्पूर्ण आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेको छ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:**
यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई "यस बाराही हाइड्रोपावर पब्लिक कम्पनी लिमिटेडलाई मिति २०७८/११/१३ मा High Risk of Default regarding timely servicing of financial obligations)[ICRANP-IR] B- Pronounced as ICRA NP Issuer Rating B Minus]" प्रदान गरेको छ । उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७९/११/१२ सम्म रहनेछ । ईक्रा नेपाल लि. ले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ] वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात् उच्च सुरक्षित रहेको आधार जनाउंछ र [ICRANP-IR] D ] वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने +
(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] B + को स्थिती [ICRANP -IR] B- भन्दा एक चिन्ह माथि रहन्छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**
१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० बर्ष आयकर छुट तथा सो पश्चात् ५ बर्षका लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभाशं दर बढी रहेको ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ढ) धितोपत्र निष्काशन नियमावली, २०६५ को नियम ७ को उपनियम ६ का ब्यबस्थाहरु देहाय बमोजिम रहेको छ :**

(१) कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि अवश्यकता कार्यहरु अगाडि बढाई तिन बर्षको अवधि पूरा गरिसकेको :
कम्पनीले मिति २०६३ साल बैशाख १७ गते नेपाल सरकार, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई आफ्नो उद्देश्य अनुसारको कारोबार संचालन गरिरहेको छ ।

(२) नियमानुसार लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको :
कम्पनीले पछिल्लो पटक मिति २०७८ मंसिर ११ गते साधारण सभा सम्पन्न गरी आ.व. २०७७/७८ सम्मको लेखापरिक्षण प्रतिवेदन पारित गरिसकेको छ । उक्त साधारण सभाले श्रेष्ठ एस एण्ड एशोसियटस चार्टड एकाउण्टेण्टस्का सिए श्री सर्मेन्द्र श्रेष्ठ लाई आ.व. २०७८/७९ को लागि लेखापरिक्षक नियूक्त गरेको छ ।

(३) प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :
कम्पनीले ठेउले खोला जलविद्युत आयोजनाको लागि २०७२।०३।२८ मा जारी भई मिति २१०७।०३।२७ सम्म बहाल रहने गरी विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरी आयोजना निर्माण सम्पन्न गरेको छ ।
यसैगरी मिति २०७९/१/३१ सम्म बहाल रहने गरी सिंकोस जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्र प्राप्त गरी आवश्यक कार्यहरु अगाडि बढाई विद्युत खरिद विक्रीको प्रकृया अगाडि बढाईएको छ ।

(४) संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको :
आयोजनाको सम्पूर्ण कार्यहरु सम्पन्न भई मिति २०७५।०३।२४ निरन्तर ब्यापारिक उत्पादन गर्दै आएको छ ।

(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको :
आयोजनाको सम्पूर्ण कार्यहरु सम्पन्न भई मिति २०७५।०३।२४ निरन्तर ब्यापारिक उत्पादन गर्दै आएको छ ।

(६) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको :
यस परियोजना निर्माणकालागि लिड बैंकको रुपमा कुमारी बैंक लिमिटेड साविकको देव: विकास बैंक लि. मार्फत फाइनान्सिएल क्लोजर भै आयोजनाको निर्माण कार्य समेत सम्पन्न भै आयोजना सञ्चालनमा आईसकेको छ ।

(७) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको :
आयोजनाको सम्पूर्ण कार्यहरु सम्पन्न भई मिति २०७५।०३।२४ निरन्तर ब्यापारिक उत्पादन गर्दै आएको छ ।

(८) परियोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :
ठेउले खोला जलविद्युत आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात ६५:३५ रहेको छ ।

(९) संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको :
संस्थापकहरुको आफूले लिन कवुल गरेको १८,००,००० शेयर कित्ताको प्रति शेयर रु. १०० का दरले रु. १८,००,००,००० (अठार करोड) शत प्रतिशत चुक्ता भईसकेको छ ।

(१०) सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको :
सर्वसाधारणमा निश्कासन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम श्री एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड, काठमाण्डौद्वारा प्रत्याभुति गरिएको छ ।

**(ण) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्र अर्थात बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स का स्थानीय वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तीमा १५ दिन र बढीमा ३० दिन खुल्ला रहनेछ । आयोजना प्रभावित क्षेत्र बाग्लुङ्ग जिल्ला जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.बि.स का वासिन्दाहरुलाई जारी गरिएको शेयर बाँडफाँड भए पश्चात सर्वसाधारणका लागि शेयर निष्काशन खुल्लाको लागि आह्वानपत्र प्रकाशित गरिनेछ । सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र वढीमा १५ दिन हुनेछ ।

**३.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री लक्ष्मी नारायण पराजुली | अध्यक्ष | |
| २. | श्री सूर्यप्रसाद अधिकारी | संचालक | |
| ३. | श्री अनमोल प्रकाश सिँह | संचालक | |
| ४. | श्री दिपक तिवारी | संचालक | |
| ५. | श्री राजेश कुमार रौनियार | संचालक | |
| ६. | श्री सुनिता जिसी | स्वतन्त्र संचालक | |

३.२४ **निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Kathmandu, Nepal

Ref:531/078/79

मिति : २०७८/१२/१५

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
खुमलटार, ललितपुर ।

**बिषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,
वाग्मती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, बवरमहल, काठमाण्डौं ठेगाना भएको वाराही हाइड्रोपावर पब्लिक लिमिटेडले सर्वसाधारणका लागि जारी गर्न लागेको रु.१००/- दरको २५,००,००० कित्ता मध्ये जारी पूँजीको २८% अर्थात् रु.७,००,००,०००/– रकम बराबरको रु.१००/–अंकित दरको ७,००,००० कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही १० % अर्थात् रु.२,५०,००,०००/– रकम बराबरको रु.१००/- अंकित दरको २,५०,००० कित्ता शेयर बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुस्मीसेरा, सर्कुवा, र बिनामारे गा.वि.स.का स्थानीय बासिन्दाको लागि र बांकी रहेको १८% अर्थात् रु.४,५०,००,०००/– (अक्षेरुपी चार करोड पचास लाख रुपैया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ४,५०,००० कित्ता (कर्मचारी हरुलाई २% अर्थात् ९,००० कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् २२,५०० कित्ता समेत) निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रवन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ। सर्वसाधारणलाई शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्वद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ। यस निष्काशन सम्वन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्वन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्वन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्वन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली ,२०५३ बमोजिम सूचीकरण हुन योग्य छन्।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्वन्धमा निष्काशन कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा उल्लेखित सबै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्वन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक तर्फबाट

**एनआईबिएल एस क्यापिटल लिमिटेड**

| | | |
|---|---|---|
| नाम | : | मेख वहादुर थापा |
| पद | : | नायव प्रमुख कार्यकारी अधिकृत |
| सही | : | |

कार्यालयको छाप :

नवराज
२०७८।१२।१६

NIBL ACE CAPITAL LIMITED
एनआईबिएल एस क्यापिटल लिमिटेड
(Wholly Owned subsidiary of Nepal Investment Bank Limited)

P.O. Box 23224, Lazimpat, Kathmandu
T : +977-1-4425281, 4419421, 4425280
F : +977-1-4005084
E : info@niblcapital.com
W : www.niblcapital.com
(Formed by Merger of NIBL Capital and Ace Capital)

Licensed by Securities Board of Nepal (SEBON)

- Issue Management - Registrar to Shares/Registrar & Transfer Agent - Underwriting - Portfolio Management - Depository Participant - Fund Manager & Depository of NIBL Mutual Fur

**३.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :**

**U.R.P. & Associates,**
**Chartered Accountants**

116 Madhya Marga, Buddhanagar
Kathmandu-10, Kathmandu

Email: umesh@urpca.com

To,

The Board of Directors,
Barahi Hydropower Public Ltd.
Kathmandu, Nepal

Re: Certification of Projected Financial Statement

Dear Sirs,

We have examined the accompanying projected Comparative Statement of Financial Position, Projected Comparative Statement of Profit or Loss, Projected Comparative Statement Cash Flows for the financial year 2078/79 (unaudited), 2079/78, 2080/81 and 2081/82 of Barahi Hydropower Public Ltd prepared by the management in accordance with the Nepal Standard on Assurance Engagement applicable the examination of prospective financial information.

The accompanying projection has been prepared as per the regulatory requirements of Securities Exchange Board of Nepal (SEBON) for the purpose of Issuance of Shares. Management is responsible for the projection including the assumption set out in "Assumptions for Financial Projections" of the attached report.

The projection has been prepared using a set of assumptions that include assumptions about future events and management's actions that are not necessarily expected to occur due to various factors, *inter alia,* volatile market environment, effect of regulator's intervention that cannot be predicted in advance, frequently changing government policy, change in macroeconomic indicators, change in hydrology due to climate change, external factors such as occurrence of war, inflation, emergence of emergency due to unexpected events such as pandemic, earthquake or trade embargo. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

Even if the events anticipated under the assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

Our responsibility is to examine the evidence supporting the assumptions (excluding the hypothetical assumption) and other information in the prospective financial information. Our responsibility does not include verification of the accuracy of the projections.

Based on our examination of the evidence supporting the assumption, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection.

The statements also accompany the audited figures of 2077/78 and unaudited figures of 2078/79. Those details were extracted from the financial statements of the company audited by a competent auditor when audited and management's disclosure of data and information for unaudited information and we do not have any responsibility over such statement.

U.R.P. & Associates, Chartered Accountants, Kathmandu, Nepal

Umesh Raj Pandeya, FCA
For, U.R.P. & Associates,
Chartered Accountants
Date: 5 September 2022
Place: Kathmandu